## प्रदूषण



उद्योग, कृषि र घरायसी फोहोरले हावा, माटो, पानी र जीवजन्तुलाई गम्भीर असर पुऱ्याउँछ ।

## जलवायु परिवर्तन



बढ्दो तापक्रम, अनियमित वर्षा, बाढी, पहिरो र सुख्खाले बोटबिरुवा र जनावरको जीवनचक्रमा नकारात्मक असर पार्छ ।

## वन पैदावरको अत्यधिक दोहन



वन पैदावरको अत्यधिक दोहनले बिरुवा नष्ट हुनुका साथै पारिस्थितिक सन्तुलनमा पनि असर पुऱ्याउँछ।

## मानव-वन्यजन्तु द्वन्द्व




मानिसको बस्ती फैलिँदा बाघ, भालु जस्ता जनावरसँग द्वन्द्व बढनाले जनधनको क्षति र जनावरको मृत्यु हुन सक्छ ।

## वनडढेलो/आगलागी



लापरवाहीपूर्ण आगो, डढेलो र चट्याङले वन, घाँसे मैदान, बोटबिरुवा र जनावर नष्ट गर्छ ।

## अव्यवस्थित चरिचरन



अत्याधिक र अव्यवस्थित चरिचरणले माटो बिग्रनुको साथै वनस्पतिको पुनरुत्पादनमा पनि असर पर्न सक्छ ।

## अवैध सिकार



चितुवा, मृग, सालक जस्ता जनावरका छाला, सिङ वा अङ्गको अवैध सिकारले प्रजाति लोप हुन सक्छ ।

## मिचाहा प्रजाति



बाहिरबाट ल्याइएका बिरुवाले स्थानीय प्रजातिसँग खाना, पानी र स्थानका लागि प्रतिस्पर्धा गर्छन् र असर पुऱ्याउँछ ।

## अन्य:



रोग तथा महामारी, सहरीकरण र पूर्वाधार विकास आदि ।

## जैविक विविधता संरक्षण गर्न हामी सबैले गर्न सक्ने साना तर प्रभावकारी उपायहरू

- रुख रोप्ने र वन जोगाउने
- फोहोर नफाल्ने, प्लास्टिकको प्रयोग घटाउने
- पुन: प्रयोग र रिसाइकल गर्ने
- आगो र डढेलोबाट सचेत रहने
- पानी, नदी र सिमसार संरक्षण गर्ने
- वन्यजन्तुसँग सहअस्तित्व अपनाउने
- परिवार, विद्यालय र समुदायमा जनचेतना फैलाउने

## सन्दर्भ सामग्री


- वन तथा भू-संरक्षण मन्त्रालय. (२०१४). नेपाल राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना २०१४-२०२०।
- शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज. (२०२४). शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन योजना, २०२४-२०२९।



**थप जानकारीको लागि:**

**नेपाल ग्रामीण पुनर्निर्माण संस्था**

±९७७ १ ४००४९७६/४००४९८५

ई-मेल: rrn@rrn.org.np


वेबसाइट:


RRN Rural Reconstruction Nepal

KNCF

# जैविक विविधता सरंक्षण

जैविक विविधता जोगाऔँ, जीवन समृद्ध बनाऔँ ।



## LOCALLY LED NATURE CONSERVATION PROJECT (LNCP)

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र

## जैविक विविधता

जैविक विविधता (Biodiversity) भन्नाले यस पृथ्वीमा रहेका सम्पूर्ण प्राणी, वनस्पति, सुक्ष्मजीव र तिनीहरुका बीचमा रहेका अन्तरसम्बन्धहरुलाई जनाउँछ।

### जैविक विविधताका तीन तह / प्रकार

१. प्रजाति विविधता (Species Diversity)



एक आपसमा प्रजनन गर्न सक्षम जीवहरुको समूहलाई प्रजाति भनिन्छ भने तिनीहरुको अनेकता र अन्तरसम्बन्ध लाई प्रजाती विविधता भनिन्छ।

२. पारिस्थितिक प्रणाली विविधता (Ecosystem Diversity)



कुनै वातावरणमा रहने समुदाय (बोटबिरुवा, जीव जन्तु, सुक्ष्मदर्शी जीवहरु) र तिनीहरुको वातावरण बीचको अन्तर सम्बन्धलाई पारिस्थितिक प्रणाली विविधता भनिन्छ।

३. आनुवंशिक विविधता (Genetic Diversity)



कुनै पनि जीवजन्तुको एउटै जातिबिचको वंशाणुगत विविधतालाई आनुवंशिक विविधता भनिन्छ ।

## नेपाल किन जैविक विविधतामा धनी छ ?

नेपाल विश्वको नक्सामा भौगोलिक रुपमा एउटा सानो देश भए तापनि जैविक विधिकताको दृष्टिकोणले निकै सम्पन्न छ । यसले विश्वमा रहेको कुल वनस्पति प्रजातिको ३.२ प्रतिशत र जीवजन्तु प्रजातिको १.१ प्रतिशत ओगटेको छ । विश्व र एसियाको जैविक विविधतामा योगदानका आधारमा नेपाल क्रमश: २५ औं र ११ औं स्थानमा रहेको पाइन्छ । नेपाल र शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा पाइने जैविक विविधताको सारांश :

| प्रजाति समूह | संख्या | |
|---|---|---|
| | नेपाल | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज |
| प्राणी जगत | | |
| स्तनधारी | २०८ | ६५ |
| चरा | ८६७ | ३२० |
| उभयचर | ११७ | ९ |
| सरिसृप | १२३ | २० |
| पुतली | ६५१ | १२४ |
| वनस्पति जगत | | |
| फूल फुल्ने बिरुवा | ६९७३ | १११३ |
| फुल नफुल्ने बिरुवा | २६ | ६ |
| टेरिडोफाइट्स | ५३४ | १३१ |

स्रोत: वन तथा भू-संरक्षण मन्त्रालय (२०१४) र शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज (२०२४)



## जैविक विविधताको महत्व

### खाना र पोषण



अन्न, फलफूल, तरकारी, दाल, माछा, मासु, दूध आदि सबै बोटबिरुवा र जनावरबाट प्राप्त हुन्छ ।

### पानीको सुरक्षा



वन, सिमसार र नदीहरुले पानीको संकलन, भण्डारण र सफाई गर्न मद्दत गर्छन् ।

### आवास, इन्धन र घरायसी सामग्री




काठ, बाँस, घाँस, दाउरा तथा अन्य वनस्पतिबाट निर्माणका सामग्री प्राप्त हुन्छन् ।

### औषधि र स्वास्थ्य



जडिबुटी र वनस्पतिबाट औषधि बनाइन्छ ।

### हावा र जलवायु सन्तुलन



रुखबिरुवाहरुले कार्बन डाइअक्साइड सोस्छन्, अक्सिजन दिन्छन् र तापक्रम सन्तुलनमा मद्दत गर्छन् ।

### आय, रोजगारी र अर्थतन्त्र



कृषि, पर्यटन, वन, जडिबुटी, माछा र पशुपालनबाट लाखौं मानिसको जीविकोपार्जन चल्छ ।

### संस्कृति, शिक्षा र मनोरञ्जन



हिमाल, वन, नदी र जनावर नेपाली संस्कृति, धर्म, चाडपर्व र परम्परासँग गहिरो रुपमा जोडिएका छन् ।

वैज्ञानिक अनुसन्धान अनुसार विश्वभर हरेक वर्ष हजारौं प्रजाति विलुप्त हुँदै गइरहेका छन्, जसका कारण जैविक विविधता र पारिस्थितिक सन्तुलनमा गम्भीर असर परिरहेको छ ।

## जैविक विविधता संरक्षणमा देखिएका चुनौतीहरु

### वन विनाश



वन कटानीले जनावरको बासस्थान नष्ट हुनुको साथै पारिस्थितिक सन्तुलन पनि बिग्रन्छ ।